१५८७/१२०८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५७९/०७२/७३

निर्णय नं. १२०८

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं वस्ने नोदनाथ त्रिताल समेत.............................................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख (सचिव), शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं.......................................१ विपक्षी

सूचना अधिकारी, शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौं...................................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

उपरोक्त विषयमा जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.व.नं. २४२९२, काठमाडौं वस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतको मिति २०७१।०८।२५ को पुनरावेदनको सम्वन्धमा यस आयोगबाट मिति २०७१।०९।०१ मा भएको आदेश कार्यान्वयनको लागि च. नं. ६८६ मिति २०७१।०९।०२ को पत्रवाट लेखी गएको । तत् पश्चात शिक्षा मन्त्रालयबाट च. नं. २६, मिति २०७१।१२।११ को पत्रबाट निवेदकलाई नियमानुसारको दस्तुर बुझाउन लगाई सूचना उपलब्ध गराउने बोधार्थ पत्र प्रेषित गरेको । पुनः मिति २०७१।१२।१३ मा पुनारावेदकले वास्तविक लागत भन्दा बढी दस्तुर तोकी अग्रिम राजश्व जम्मा गर्न माग गर्ने कार्यालय प्रमुख र सूचना अधिकारी दुवैलाई हदैसम्मको विभागीय कारवाही गरी आयोगको आदेश बमोजिम सूचना उपलब्ध गराई पाउं भनी निवेदन प्रेषित गरेको । तत् पश्चात आयोगबाट मिति २०७१।१२।३० को पत्रवाट आदेश कार्यान्वयनको ताकेता पत्र प्रेषित गरेको । तत् पश्चात शिक्षा मन्त्रालयको मिति २०७१।१२।११ को पत्रद्वारा आवश्यक दस्तुर बुझाई पुनरावेदकलाई सूचना लिन बोलाइएको । तत् पश्चात आयोगको मिति २०७२।०३।२८ को आदेशबाट प्रस्तुत मिसिलको लगत कट्टा गरेको । पुनरावेदकले पुन मिति २०७२।०६।१४ गते माग बमोजिमको सूचना हालसम्म प्राप्त नभएको भनी पुनः उजुरी गरेको । उक्त पुनरावेदनको सम्वन्धमा यस आयोगका च.नं. ५४८, मिति २०७२।०८।१४ को पत्रवाट शिक्षा मन्त्रालय, सिंहदरवार, काठमाण्डौलाई ताकेता पत्र पठाईएको । उक्त पत्र पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी

निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बास्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असार १९ गते रोज १ शुभम् ।